# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मनहरी गाउँपालिका

### मकवानपुर

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मनहरी गाउँपालिका

मकवानपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## मनहरी गाउँपालिका

मकवानपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित

नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय

पत्र संख्याः २०७८।७९
च.नं. ११२ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
मनहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मकवानपुर ।

**कैफियत सहितको राय**

हामीले मनहरी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. २ करोड ६४ लाख ९१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १ लाख ९५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४९ लाख १७ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ९० लाख २७ हजार र पेश्की रु.१ लाख ६० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.३० करोड ४२ लाख ९४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२८ करोड ९२ लाख ७८ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

मनहरी गाउँपालिका, मकवानपुर

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३४ | ५६ | २६४९१ | ० | ० | ० | ३४ | ५६ | २६४९१ | १९५ | १९०२७ | ४९१७ | ० | २१९३ | २६१३६ | १६० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | प्रतिकृया प्राप्त नभएको | |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मनहरी गाउँपालिका, मकवानपुर | ३०४२९४ | ० | ४१५०७ | २६२७८७ | ० | २६४९१ | २८९२७८ |

आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थान: मनहरी गाउँपालिका, मकवानपुर          आर्थिक वर्ष २०७८।७९

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मोहन कुमार श्रेष्ठ | २०७८-८-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | संगिता अधिकारी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २६,४९१,००१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २७,१५,९७,२४२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१,८९,६४,०२७ | **चालु खर्च** | ३२,६९,६०,४६४ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,६४,६९,४२४ | **पूँजीगत खर्च** | ३३,७३,३८,३७९ |
| **राजश्व बाँडफाँट** | १९,५९,९६,२७६.९३ | **वित्तीय/अन्य व्यवस्था** | ४,१४,०१५ |
| **आन्तरिक आय** | २,११,०६,०८१ | | |
| **अन्य आय** | १,५७,९९,४९० | | |
| **कुल आय** | ५८,८३,३५,२९८.९३ | **कुल खर्च** | ६६,४७,१२,८५८ |
| **बाँकी मौज्दात** | | १९,५२,१९,६८२ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या ९, पालिका सभा सदस्य ४९, जनसंख्या ४७१४४जना र क्षेत्रफल १९९.५२ वर्ग किलोमिटर रहेकोछ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>संचितकोषको अवस्था<br><br>स्थानीय संचित कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाँउपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।<br><br>
<table>
<tr><th colspan="6">प्राप्तीभुक्तानी हिसाव</th></tr>
<tr><th rowspan="2">विवरण</th><th colspan="3">यसवर्ष रु.</th><th colspan="2">गतवर्षरु.</th></tr>
<tr><th>बजेट</th><th>आफैलेगरेको प्राप्ति/भुक्तानी</th><th>जम्मा</th><th>आफैलेगरेको प्राप्ति/भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td>७५,१९,९३,५४६.४०</td><td>६४,५३,७२,००६.०९</td><td>६४,५३,७२,००६.०९</td><td>७१,३०,३४,३६६.३५</td><td>७१,३०,३४,३६६.३५</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>७४,७६,८३,०००.००</td><td>६२,८१,१४,२८३.४१</td><td>६२,८१,१४,२८३.४१</td><td>६९,५५,३२,५२४.६०</td><td>६९,५५,३२,५२४.६०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ११००० कर | १२,३८,१६,०००.०० | १३,५४,६८,१६५.६९ | १३,५४,६८,१६५.६९ | १३,०३,२५,११८.१४ | १३,०३,२५,११८.१४ |
| १३००० अनुदान | ४४,५०,७७,०००.०० | ३६,४१,०७,२९०.८० | ३६,४१,०७,२९०.८० | ४२,६१,७८,४६२.७९ | ४२,६१,७८,४६२.७९ |
| संघीय सरकार | ३७,७०,२३,०००.०० | ३१,९२,६४,०२६.८० | ३१,९२,६४,०२६.८० | ३३,९५,३१,२७०.०० | ३३,९५,३१,२७०.०० |
| प्रदेश सरकार | ६,४०,५४,०००.०० | ३,६४,६९,४२४.०० | ३,६४,६९,४२४.०० | ६,९४,४९,०००.०० | ६,९४,४९,०००.०० |
| अन्तरिक श्रोत | ० | ० | ० | १,०५,००,०००.०० | १,०५,००,०००.०० |
| जनसहभागिता | ४०,००,०००.०० | ८३,७३,८४०.०० | ८३,७३,८४०.०० | ६६,९८,१९२.७९ | ६६,९८,१९२.७९ |
| १४००० अन्य राजस्व | १७,८७,९०,०००.०० | १२,८५,३८,८२६.९२ | १२,८५,३८,८२६.९२ | १३,९०,२८,९४३.६७ | १३,९०,२८,९४३.६७ |
| ख. अन्य प्राप्ति | ४३,१०,५४६.४० | १,७२,५७,७२२.६८ | १,७२,५७,७२२.६८ | १,७५,०१,८४१.७५ | १,७५,०१,८४१.७५ |
| वितरण गर्न बाकी राजस्व | ० | ८१,१३,०९१.६८ | ८१,१३,०९१.६८ | १,०००.७५ | १,०००.७५ |
| कोषहरु | ४३,१०,५४६.४० | १,७०,०००.०० | १,७०,०००.०० | ७५,९७,७२५.०० | ७५,९७,७२५.०० |
| धरौटी | ० | ८९,७४,६३१.०० | ८९,७४,६३१.०० | ९९,०३,११६.०० | ९९,०३,११६.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| भुक्तानी (ग+घ) | १,००,०१,४८,६८९.४० | ६६,६३,५७,३२९.१८ | ६६,६३,५७,३२९.१८ | ६२,०७,२४,०६४.०१ | ६२,०७,२४,०६४.०१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ९९,५८,३८,१४३.०० | ६६,४२,९८,८४४.१८ | ६६,४२,९८,८४४.१८ | ५९,९०,०२,६१९.७१ | ५९,९०,०२,६१९.७१ |
| २१००० पारिश्रमिक / सुविधा | १८,६९,७५,९४०.०० | १६,८६,७२,६०२.८७ | १६,८६,७२,६०२.८७ | १४,८५,७३,८४८.७७ | १४,८५,७३,८४८.७७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १७,१३,०७,३४५.०० | ८,१९,३९,४५९.३९ | ८,१९,३९,४५९.३९ | ८,६३,८५,९५०.९४ | ८,६३,८५,९५०.९४ |
| २५००० सहायता (Subsidy) | ५,२९,४९,०००.०० | ४,००,५९,३८९.०० | ४,००,५९,३८९.०० | १,१८,८३,५४४.०० | १,१८,८३,५४४.०० |
| २६००० अनुदान | ० | ० | ० | ५०,८४,२२५.०० | ५०,८४,२२५.०० |
| २७००० सामाजिक सुरक्षा | ३,४६,९५,०००.०० | २,२१,०८,०५१.०० | २,२१,०८,०५१.०० | १,८३,९५,४९३.०० | १,८३,९५,४९३.०० |
| २८००० अन्य खर्च | १,८२,७१,०००.०० | १,४१,८०,९६२.०० | १,४१,८०,९६२.०० | २०,३४,३४२.०० | २०,३४,३४२.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ५३,१६,३९,८५८.०० | ३३,७३,३८,३७९.९२ | ३३,७३,३८,३७९.९२ | ३२,६६,४५,२१६.०० | ३२,६६,४५,२१६.०० |
| घ. अन्य भूक्तानी | ४३,१०,५४६.४० | २०,५८,४८५.०० | २०,५८,४८५.०० | ६२,०७,२४,०६४.०१ | ६२,०७,२४,०६४.०१ |
| कोषहरु | ४३,१०,५४६.४० | ९७,८३९.०० | ९७,८३९.०० | ६६,३३,८२५.०० | ६६,३३,८२५.०० |
| धरौटी | ० | १९,६२,९९६.०० | १९,६२,९९६.०० | १,५०,८७,६१९.३० | १,५०,८७,६१९.३० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -२,३५०.०० | -२,३५०.०० | | |
| ङ. यो वर्षको बचत (न्युन) | (२४,८१,५५,१४३.००) | (२,०९,८५,३२३.०९) | (२,०९,८५,३२३.०९) | ९,२३,१०,३०२.३४ | ९,२३,१०,३०२.३४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | २७,२८,६९,३१५.०५ | २७,२८,६९,३१५.०५ | २२,१०,३०,७७१.६२ | २२,१०,३०,७७१.६२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (२४,८१,५५,१४३.००) | २५,१८,८३,९९१.९६ | २५,१८,८३,९९१.९६ | ३१,३३,४१,०७३.९६ | ३१,३३,४१,०७३.९६ |
| बैंक तथा नगद बाकी | | २५,१२,४४,३५८.९६ | २५,१२,४४,३५८.९६ | २७,१५,९७,२४२.८० | २७,१५,९७,२४२.८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • वित्तीय विवरणको विश्लेषण यसप्रकार छः स्थानीय तहको संचित कोषमा गत विगतको वांकी यस वर्ष प्राप्त भएको रकम स्पस्ट देखिने गरी हिसाव राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाको म.ले.प.फा.२७२ मा गत आव वाट जिम्मेवारी सरी आएको रकम रु. २७२८६९३१५।०० भएकोमा श्रेष्तामा रु. २७१२९४२४२।०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा भन्दा रु. १५७५०७३।०० घटी जिम्मेवारी सारेको सम्वन्धमा एकिन गरी प्रमाण पेश हुनुपर्दछ ।<br>• पालिकाको म.ले.प.फा.२७२ को अनुसुची २४ वमोजिम वैंक तथा नगद मौज्दात वांकी विवरणमा खाता अनुसार रु.२५१२४४३५८.९६ देखाएकोमा वैंक अनुसार रु.२९६७८४९३३।०० वांकी देखाएको छ, जसअनुसार रु.४५५४०५७५।०० वढी देखिएकोमा समायोजन हिसाव पेश गरेको छैन । उक्त हिसाव एकिन गरी प्रमाण पेश हुनुपर्दछ ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदीकिताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय रव्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्नेव्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएकोNEPSAS based ढाँचाको पुर्णप्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीयविवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरीलेखांकन गर्नुपर्दछ । | |
| ३ | | | **घटी जिम्मेवारी सारेको:**<br><br>घटी जिम्मेवारी सारेको:स्थानीय तहको संचित कोषमा गत विगतको वांकी यस वर्ष प्राप्त भएको रकम स्पस्ट देखिने गरी हिसाव राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाको म.ले.प.फा.२७२ मा गत आव वाट जिम्मेवारी सरी आएको रकम रु. २७२८६९३१५।०० | १,५७५,०७३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | भएकोमा श्रेष्तामा रु. २७१२९४२४२।०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा भन्दा रु. १५७५०७३।०० घटी जिम्मेवारी सारेको सम्वन्धमा एकिन गरी प्रमाण पेश हुनुपर्ने रु | |
| ४ | | | **सुत्रमा समावेश नभएको रकमः** स्थानीय तहमा प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको पूर्वाधार विकास साझेदारी कार्यक्रम, लगायतलाई समेटी समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गरेको छैन । यस्तो क्रियाकलापलाई समेटी वित्तीय विवरण तयार पार्नुपर्दछ । | |
| ५ | | | **कानून कार्यान्वयनः**<br><br>कानून र सञ्चालन स्थिति— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म १६ वटा ऐन, ३ वटा नियमावली, ६ निर्देशिका र ३४ वटा कार्यविधि लगायत ५९ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । साथै गाउँपालिकाले १६ वटा कानूनहरू निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गरी उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन् । उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ६ | | | **न्याय सम्पादनः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम गत वर्षको ९ वटा मुद्धा तारेखमा रहेकोमा यस वर्ष ५१ मुद्धा दर्ता भई ४२ वटा फछ्र्यौट भएकोमा १८ वटा मुद्धा विचाराधिन अवस्थामा रहेकोछ । न्यायिक निरोपणलाई समयमै फछ्र्यौट गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ७ | | | **वजेट पेश तथा अख्तियारीः**<br><br>बजेट पेश, पारित र अख्तियारी —स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीयतहका | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रमुखले। प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाका उपाध्यक्ष श्री गीता मनिला विष्टले मिति २०७४।०३।१० मा नीति तथा कार्यक्रम र वजेट पेश भई रू ९९ करोड ५८ लाख ३८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१० मा पारित भएको छ । यसै गरी स्थानीयतहका प्रमुखले मिति २०७८।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८ | | | **अवण्डा वजेटः**<br><br>अबण्डा बजेट— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस स्थानीयतहले यो बर्ष रू. १ करोड अबण्डा राखेको छ ।बजेट अबण्डमा राखी नगरप्रमुखको स्वविवेकीय अधिकार प्रयोग गरी विभिन्न योजनामा पटके तोक आदेशका आधारमा खर्च गरेको छ पद्धति वाहिर गएर गरेको वजेट तथा खर्च प्रक्रियामा नियन्त्रण गर्नु पर्दछ। | |
| ९ | | | **क्षेत्रगत वजेटः**<br><br>क्षेत्रगत वजेट गाउँपालिकाको क्षेत्रगत रूपमा कुल बजेट रु. 99 करोड ५८ लाख ३८ हजार भएकोमा खर्च 66 करोड ४२ लाख ९८ हजारको आधारमा समग्र रूपमा ६६.७ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।पालिकाले क्षेत्रगत वजेट तर्जुमा गर्दा सन्तुलित आधारमा गर्नुपर्दछ । | |

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ८२६४९०२६ | ३९०७९०४३ | ०.०५५८ |
| २ | सामाजिकविकास | ३५४२७१३२० | २३५३९४२११ | ३५.४३ |
| ३ | पूर्वाधारविकास | ३८२५६७५८४ | ३३७३३८३७९ | ५०.७८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र</td><td>४५२२०३४३</td><td>३२५१७४१०</td><td>४.८</td></tr>
<tr><td>५</td><td>कार्यालयसञ्चालन तथा प्रशासनिक</td><td>१२२१२९८७०</td><td>३२५१७४१०</td><td>४.८९</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>९९५८३८१४३</td><td>६६४२९८८४४</td><td>१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>
त्रैमासिक पूजीगत खर्चः<br><br>
त्रैमासिक पूँजीगत खर्चः प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि ३ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ।<br><br>
<table>
<tr><td rowspan="2">बजेट</td><td rowspan="2">कुल खर्च</td><td colspan="4">त्रैमासिक खर्च</td></tr>
<tr><td>प्रथम त्रैमासिक</td><td>दोस्रो त्रैमासिक</td><td>तेस्रो त्रैमासिक</td><td>चौथो त्रैमासिक</td></tr>
<tr><td>संघीय, प्रदेश</td><td>३४७७१५</td><td>१३५०९</td><td>५८४२२</td><td>१०३१६७</td><td>१६२२३९</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>१००</td><td>३.८८</td><td>१६.८</td><td>२९.६६</td><td>४६.६५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>भरपाई बेगर भुक्तानी</td><td>८९,६२०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९ को उपनियम १० बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ तर पालिकाले भौचर नं ६६४ बाट २०७८।६।२ गते स्काउटको कार्यक्रममा केटिको तयारी पोशाक र केटाको तयारी पोशाक ३२ सेट २८०० का दरले रु ८९६२० खर्च लेखेकोमा ३२ जनाले बुझेको भरपाई नभएकोले भरपाई गरेको प्रमाण पेश गर्नुपर्ने रु | |
| १२ | | | **कार्यसम्पन्न प्रतिवेदन**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा कुनै निर्माण कार्यको प्राविधिक मूल्याङ्कन गरि कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । तर यस पालिकामा विभिन्न निर्माण सामानहरु खरिद गरि हस्तान्तरण फाराम मार्फत पालिकाका विभिन्न समितिलाई दिएको छ तर ती समानहरु कसले पायो त्यसको भरपाई र कार्यसम्पन्न प्रतिवेदन केहि नदेखिएकोले तल उल्लेखित निर्माण सामानको प्राविधिक पुष्टाई सहितको प्रमाण पेश गर्नुपर्ने रु–. | १,०९२,५६९ |

| भौचर नं/ मिति | सामानको विवरण | रकम |
|---|---|---|
| १६५/ २०७८।८।१२ | पाइप , ट्युवेल धारा, ह्युम पाइप | २९१९८८ |
| १७३/ २०७८।८।११ | पाइप , ट्युवेल धारा,ह्युम पाइप | ४८६४७७ |
| १८०/२०७८।८।११ | HDPE pipe | ५४९७८ |
| १८२/ २०७८।८।१२ | पाइप , ट्युवेल धारा,ह्युम पाइप | २५९१२६ |
| | जम्मा | १०९२५६९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **तलबी प्रतिवेदन**<br><br>निजामती सेवा ऐन २०४९ को दफा ७२ बमोजिम तलबी प्रतिवेदन पारित गरी तलबी प्रतिवेदनमा उल्लेख भएअनुसार ग्रेड रकम खर्च लेख्नुपर्दछ । तर यस पालिकाले कर्मचारीको तलब प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयबाट तलबी प्रतिवेदन पारित नगरि गाउँ सभाबाट पारित गराएको छ जुन कानुनी व्यवस्था छैन यसरी पालिकाले पालिका कर्मचारि र स्वास्थ्य सेवाका कर्मचारीको तलब र ग्रेड बापत रु २७४११४१६ खर्च लेखेको छ जसले गर्दा तलब ग्रेड रकम समेतको यकिन गर्न सकिएन । सभाबाट पारित तलबी प्रतिवेदनमा उल्लेख भएअनुसारको ग्रेड रकम कायम हुनुपर्ने प्रमाण कागजात संलग्न समेत राखेको नदेखिएकोले ग्रेड रकम समेत यकिन गर्न सकिएन ।तसर्थ पालिकाले कानुनमा तोकेबमोजिम प्रमाण कागजात संलग्न राखि तोकिए बमोजिम मात्र तलबी प्रतिवेदन पारित गरि खर्च लेख्नुपर्ने देखिन्छ । | |
| १४ | | | **खेलकुद**<br><br>सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन २०७५ अनुसार सार्वजनिक कोषबाट खर्च गर्दा मितव्ययि,प्रभावकारी,फजुल खर्चलाई ध्यान दिनुपर्ने विषयलाई जोड दिएको छ । पालिकाले यस वर्ष खेलकुद क्षेत्रमा मात्र रु १६२४१४६ खर्च लेखेको छ जुन विषयलाई पालिकाले गर्नैपर्ने आवश्यक खेल प्रयोजनमा मात्र खर्च गरि फजुल खर्चलाई कम गर्ने कुरामा ध्यान दिनुपर्दछ । | |
| १५ | | | **नन्फाइलर**<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर कार्यलयले भौचर नं १० मिति २०७९।३।१७ मा भ्याट नं ६०२४५६८३२ रहेको सम्वृध नेपाल इनर्जि प्रा.लि. लाई मू.अ.कर रु २९९९१ समेत रु ४९७६९१ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त कम्पनि २०७८।m।११ देखि कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | २९,९९१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>जरिवाना<br><br>सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ को दफा १५ मा रकम विनियोजन भएको अवस्थामा धारा तथा विजुलीको महसुल समयमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस आर्थिक वर्षमा करिब ३७००० बराबरको रकम जरिवाना तिरेको देखिन्छ । कार्यालयले यसरि जरिवाना तिर्दा राज्यलाई थप व्ययभार पर्दै जाने भएकोले कार्यालयले आगामि दिनमा समयमै विजुलीको महसुल तिर्नुपर्ने कुरामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>पेश्कि व्यवस्थापन<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ मा भएको व्यवस्था अनुसार यस आर्थिक वर्षको निम्न व्यक्ति, संस्थालाई दिएको म्याद ननाघेको र नाघेको पेश्कि विवरण देहायबमोजिम रहेको छ र आर्थिक षर्षको अन्त्य सम्ममा म्याद नाघेको पेश्की रु १६०००० रहेको देखिएकोले नियमावली बमोजिम फछ्यौट गर्नुपर्ने ।<br><br>
<table>
<tr><th>भौचर नं</th><th>पेश्कि लिएको मिति</th><th>पेश्कि लिनेको नाम</th><th>म्याद ननाघेको पेश्कि</th><th>म्याद नाघेको पेश्की</th></tr>
<tr><td>१</td><td>०४/०१/२०७८</td><td>गुरुकुल विल्डर्स एण्ड सप्लायर्स</td><td>११,६३,०००.००</td><td></td></tr>
<tr><td>१</td><td>०४/०१/२०७८</td><td>जय भैरव निर्माण सेवा</td><td>१३,६२९.००</td><td></td></tr>
<tr><td>१</td><td>०४/०१/२०७८</td><td>तरुण कन्स्ट्रक्सन</td><td>९,१९,०००.००</td><td></td></tr>
<tr><td>१</td><td>०४/०१/२०७८</td><td>भैरव । नारायणम । ज्ञानेश जे. भी.</td><td>४२,००,०००.००</td><td></td></tr>
</table></td><td>१६०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (inner table below) | |

| | | | | |
|---|---|---|---|---|
| १ | ०४/०१/२०७८ | हिराचन—बानिया जे.भी. | १९,८७,२४७.०० | |
| १ | ०४/०१/२०७८ | हिराचन—बानिया जे.भी. | २९,७५,०००.०० | |
| १ | ०४/०१/२०७८ | हिराचन—बानिया जे.भी. | ७३,४६,०००.०० | |
| १ | ०४/०१/२०७८ | हिराचन—बानिया जे.भी. | ३०,५८,०००.०० | |
| ७६ | ०९/२५/२०७८ | सुन्दर नेपाल निर्माण सेवा | १,५०,०००.०० | |
| १२८ | ११/०१/२०७८ | सुन्दर नेपाल निर्माण सेवा | ४,५०,०००.०० | |
| ३०२ | ०२/१८/२०७९ | माईरा एण्ड कन्स्ट्रक्सन / सान्तानू निर्माण सेवा जे.भि. | ३,५०,०००.०० | |
| ३१५ | ०२/२७/२०७९ | मायरा एण्ड कन्सट्रक्सन / सान्तनू निर्माण सेवा जे.भि. | ५,५०,०००.०० | |
| १ | ०४/०१/२०७८ | अग्नी इन्कर्पोरेटेड प्रा.लि.काठमाण्डौं-३,पानीपोखरी | २१,६२,५३०.०० | |
| १ | ०४/०१/२०७८ | एन. आई. सि. एसिया बैंक लि. | ६६,९१,०००.०० | |
| १ | ०४/०१/२०७८ | नेपाल विधुत प्राधिकरण | ११,३५,७८५.०० | |
| १ | ०४/०१/२०७८ | नेपाल विधुत प्राधिकरण | ५,९९,७९०.०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ०४/०१/२०७८ | नेपाल विधुत प्राधिकरण | १०,००,०००.०० | |
| १ | ०४/०१/२०७८ | नेपाल विधुत प्राधिकरण | १५,९९,६२६.०० | |
| १ | ०४/०१/२०७८ | नेपाल विधुत प्राधिकरण | १,५४,०५०.०० | |
| २ | ०४/०१/२०७८ | एन.अाई.सी. एसीया बैक | ३६,५७,२००.०० | |
| २ | ०४/०१/२०७८ | सिटिजन्स बैक | ३२,३३,६००.०० | |
| ६२ | ०७/१२/२०७८ | क्षितिज दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड | ४,२३,६३८.०० | |
| ६२ | ०७/१२/२०७८ | श्री चुरियामाई महिला जीवन वातावरण स्वावलम्वन बहुउद्देश्यीय सहकारी संस्था लि. मनहरी ३ | ३,६२,४३८.०० | |
| ६२ | ०७/१२/२०७८ | श्री नमुना कृषक बहुमुखी सहकारी संस्था लि. | २,०७,८५२.०० | |
| ६२ | ०७/१२/२०७८ | संयुक्त जन जागृति सहकारी दुग्ध उत्पादक सहकारी संस्था लि् मनहरी ६ | २,९४,०००.०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ६२ | ०७/१२/२०७८ | साना किसान कृषि सहकारी संस्था लि मनहरी ८ | ४,०७,१८४.०० | |
| ६२ | ०७/१२/२०७८ | साना किसान कृषि सहकारी संस्था लि. मनहरी ३ | ५,८६,९८०.०० | |
| १ | ०४/०१/२०७८ | उज्ज्वल राना मगर | ६,९००.०० | |
| १ | ०४/०१/२०७८ | ओशिन नगरकोटी | १,००,०००.०० | |
| १ | ०४/०१/२०७८ | कृष्ण कुमार यादब | ५०,०००.०० | |
| १ | ०४/०१/२०७८ | टिकाराम अधिकारी | ३०,०००.०० | |
| १ | ०४/०१/२०७८ | टिकाराम अधिकारी | ४,००,०००.०० | |
| १ | ०४/०१/२०७८ | टिकाराम अधिकारी | २८,०००.०० | |
| १ | ०४/०१/२०७८ | नविन सुबेदी | १,२०,०००.०० | |
| १ | ०४/०१/२०७८ | प्रेक्षा गौतम | १,५०,०००.०० | |
| १ | ०४/०१/२०७८ | बरुण कुमार ठाकुर | ८८,०००.०० | |
| १ | ०४/०१/२०७८ | विदुर पाठक | ३,००,०००.०० | |
| १ | ०४/०१/२०७८ | विदुर पाठक | २०,०००.०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ०४/०१/२०७८ | विदुर पाठक | ३३,०००.०० | |
| २ | ०४/०१/२०७८ | आदित्य बहादूर तामाङ | ९९,०००.०० | |
| २ | ०४/०१/२०७८ | ऋिषिराम के.सी | १,५००.०० | |
| २ | ०४/०१/२०७८ | कृष्ण कुमार यादब | ५०,०००.०० | |
| २ | ०४/०१/२०७८ | गोकुल प्रसाद शर्मा | ३०,०००.०० | |
| २ | ०४/०१/२०७८ | ज्ञानेन्द्र ढकाल | १,४००.०० | |
| २ | ०४/०१/२०७८ | टिकाराम अधिकारी | ३०,०००.०० | |
| २ | ०४/०१/२०७८ | धन कुमारी मुक्तान | ३,१५,०००.०० | |
| २ | ०४/०१/२०७८ | पदम बहादुर भेटवाल | ९०,०००.०० | |
| २ | ०४/०१/२०७८ | बरुण कुमार ठाकुर | ८८,०००.०० | |
| २ | ०४/०१/२०७८ | बलराम प्रजा | २०,०००.०० | |
| २ | ०४/०१/२०७८ | बिदुर पाठक | ४५,०००.०० | |
| २ | ०४/०१/२०७८ | भुवन कुमार जोशी | ६०,०००.०० | |
| २ | ०४/०१/२०७८ | राम प्रसाद रिजाल | ५०,०००.०० | |
| २ | ०४/०१/२०७८ | शकर श्रेष्ठ | ३५,०००.०० | |
| २ | ०४/०१/२०७८ | सरस्वती परियार | ६५,०००.०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>०४/०१/२०७८</td><td>सरिता लम्साल</td><td>५०,०००.००</td><td></td></tr>
<tr><td>२</td><td>०४/०१/२०७८</td><td>हरी गोपाल रिमाल</td><td>३०,०००.००</td><td></td></tr>
<tr><td>२०</td><td>०९/०७/२०७८</td><td>गोपीराम बल</td><td>१७७.</td><td></td></tr>
<tr><td>४५६</td><td>०१/१२/२०७९</td><td>टिकाराम अधिकारी</td><td>१५,०००.००</td><td></td></tr>
<tr><td>११६</td><td>०३/२०/२०७९</td><td>राजिव बहादुर वानियाँ</td><td>०</td><td>१०,०००.००</td></tr>
<tr><td>६९२</td><td>०३/२२/२०७९</td><td>विदुर पाठक</td><td>०</td><td>१,००,०००.००</td></tr>
<tr><td>६९२</td><td>०३/२२/२०७९</td><td>विदुर पाठक</td><td>०</td><td>५०,०००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२४,००,९७७.००</td><td>१,६०,०००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td>७८र १००</td><td>२०७९-३-१६</td><td>स्यानिटरि प्याड बापतको रकम शिक्षकको तलबमा खर्च<br><br>आर्थिक बर्ष २०७८।७९ का लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ बमोजिम सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापनका लागि प्राप्त अनुदान बापतको रकम यस वर्ष पालिकाले सेनिटरी प्याड खरिद नगरी शिक्षकको तलव भत्तामा रु २१,९२,७४२। खर्च गरेको देखियो। सोधभर्ना गरि नियमित गर्नु पर्ने रकम रु २१,९२,७४२।</td><td>२,१९२,७४२</td></tr>
<tr><td>१९</td><td>१०१</td><td>२०७९-३-१६</td><td>अपाङ्गता भएका विद्यार्थिकालागि छात्रवृत्तिः<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ बमोजिम सार्वजनिक विद्यालयमा अध्यायनरत विद्यार्थिहरुकालागि छात्रवृत्ति (आवासीय र गैरआवासीय) अन्तर्गत अपाङ्गता भएका विद्यार्थिका लागि छात्रवृत्तिकालागि यस गाउँपालिका भित्रका विद्यालयकालागी रु ६६३०० निकाशा भएको देखियो। गाउँपालिका मार्फत नै अपाङ्गगता परिचयपत्र वितरण गर्न सक्ने व्यवस्था भएको व्यवस्था रहेको भएता पनि यस</td><td>६६,३००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गाउँपालिका अन्तर्गतका विद्यालयमा अपाङ्गगता भएका विद्यार्थिको अधिकांशको परिचयपत्र नभएको विवरण संलग्न कागजातमा देखिएको छ र भत्ता वितरणको भर्पाई पेश भएको देखिएन। कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम व्यवस्था अनुरुपको लेखाजोखा समिति मार्फत सिफारिस बमोजिम भत्ता वितरण गर्ने भन्दा गाउँपालिकाले अपाङ्गगता परिचयपत्र वितरण गरि परिचयपत्रका आधारमा अपाङ्गता पहिचान गरि भत्ता वितरण गर्नु उपयुक्त देखिन्छ। प्रमाण पेश गर्ने रु ६६३००। | |
| २० | | | **जिन्सी व्यवस्थापन** | |
| २०.१ | | | गाउँपालिकाको जिन्सी खातामा टीपर र जे सि वि अभिलेखमा रहेको देखिन्छ। गाउँपालिकाले यस आबमा सो साधन परिचालन गरि कुनै आम्दानी प्राप्त गरेको देखिएन। पालिकाले गापा मा भएका स्रोत साधन परिचलन गरि आन्तरिक आम्दानी बढाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ। | |
| २०.२ | | | कार्यालयले तयार पारेको आ ब २०७८।७९ को जिन्सि निरीक्षण प्रतिवेदनमा उल्लेखनिय सामाग्रिहरु लिलाम विक्री गर्नु पर्ने भनि प्रतिवेदनमा उल्लेख छ भने आब २०७७।७८ मा समेत जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित लिलाम तथा मिन्हा गर्नु पर्ने सामाग्रीको विवरण उल्लेख छ। गाउँपालिकाले जिन्सी व्यवस्थापनका लागि लिलाम तथा मिन्हा सम्बन्धी कार्य गरी व्वस्थित बनाउनु पर्दछ। | |
| २०.३ | | | मलेपफा नं ४१२ मा जिन्सी सहायक खाता को व्यवस्था छ। यसपालिकाले जिन्सी सहायक खाता तयार गरेको देखिएन यस कारण जिन्सी सामाग्रिको प्रयोग वा जिम्मा कस्को छ र सुरक्षाका सम्बन्धमा प्रष्ट हुन सकिएन। कार्यालयले जिन्सी सामानको सहायक खाता तयार गरि अद्यावधिक गर्नु पर्ने देखिन्छ। | |
| २१ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छनः<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• मालपोत राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरेको देखिएन र कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा PAMS मा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कतिपय विल भर्पाइहरु सहितको गोश्वरा भौचर कार्यालय प्रमुखबाट प्रमाणित भएको पाईएन ।<br>• कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था भए अनुसार पालिकाले सभाबाट तलवी प्रतिवेदन पारित गरेको छ । सभाबाट तबी प्रतिवदन पारित गर्ने कानुनी व्यवस्था नदेखिएकोले कर्मचारीको व्यक्तिगत फाईल तयार गरी तोकीए बमोजिम तलबी प्रतिवेदन पारित गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २२ | | | **आन्तरिक लेखापरीक्षण**<br><br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानिय तहले आर्थिक कारोबारको आन्तरिक लेखा परीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ। यस आर्थिक वर्षमा आन्तरिक लेखा परीक्षण गरेको भएता पनि वर्षको अन्त्यमा मात्र भएको देखिन्छ। कार्यविधि वमोजिम आवधिक आन्तरिक लेखा परीक्षण गरि आन्तरिक नियन्त्रण प्रणालीलाई थप गुणस्तर बनाउन तर्फ ध्यान दिनु पर्छ। | |
| २३ | ६ | २०७८-१२-९ | **विद्यालय नर्स कार्यक्रम** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | यस कार्यक्रममा नर्सको तलब दिदा विद्यालयको हाजिरी प्रमाणित सहित माग बमोजिम विद्यालयमा पठाउनु पर्ने व्यवस्था कार्यविधिमा उल्लेख भएता पनि हाजिरी प्रमाणित पेश नगरी रकम माग गरी पालिकाबाट निकासा भएको देखिन्छ। गाउँपालिकाले यस सम्बन्धमा अनिवार्य हाजिरी प्रमाणित पेश गर्ने व्यवस्था गर्नु पर्दछ। | |
| २४ | | | **सोधभर्नाबाट भुक्तानी**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरि खरिद गर्नु पर्ने व्यवस्था छ। सो ऐनको नियमावली, २०६४ को नियम १२३(८) मा पच्चिस हजार भन्दा बढी रकम भुक्तानी गर्नु पर्दा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई एकाउण्ट पेयी चेकको माध्यमबाट भुक्तानी गर्नु पर्ने व्यवस्था छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा संघिय शशर्त अन्तर्गत स्वास्थ्य तर्फ पालिकाले विभिन्न मितिमा ज्योती राज लुईटेल मार्फत रु.२९६१३९। भएको देखियो। गाउँपालिकाले कर्मचारीले नै भुक्तानी लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |
| २५ | | | **ठेक्कागत अभिलेख खाता**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्ने तथा ठेक्काबाट भएको कामको अभिलेख काम हुने सबै सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्दछ । यस गाउँपालिकाले सो अभिलेख राखेको देखिएन। पालिकाले अभिलेख राख्न लगाउनु पर्दछ। | |
| २६ | 4 | २०७८-११-३ | **पेश्की सम्बन्धी प्रमाण**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भनि व्यवस्था छ। खरिदार नविन पौडेलको विगत आवको सामाजिक सुरक्षा बापतको पेश्की फछ्र्यौट रकम रु ९४८५०। को बेरुजु दाखिला प्रमाण पेश भएको नदेखिएकोले प्रमाण पेश गर्नु पर्ने रु | ९४,८५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **इन्धन**<br><br>सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन २०७५ को बुदा नं १० मा पानी, बिजुली, इन्धन जस्ता प्रशासनिक खर्चमा मितव्ययीता अपनाउने र किफायती ढगंले प्रयोग गर्नुपर्ने व्यवस्था छ तर यस पालिकामा यस आर्थिक वर्षमा रु २०११११५ खर्च लेखेको देखिन्छ । पालिकाले मासिक रुपमा कर्मचारीलाई कति इन्धन दिने भन्ने कुनै कार्यविधि नरहेकोले पनि खर्च बढि भएको र कतिपय पदाधिकारीलाई तोकिएको सुविधा भन्दा बढि दिएको देखिन्छ त्यसैले पालिकाले पदाधिकारीलाई तोकेबमोजिमको इन्धन दिने र कर्मचारीलाई आवश्यक कार्याविधि बनाई खर्चलाई मितव्ययी बनाउनु पर्ने देखिन्छ । | |
| २८ | | | **हिसाव मिलान नभएको:**<br><br>पालिकाको म.ले.प.फा.२७२ को अनुसुची २४ वमोजिम वैंक तथा नगद मौज्दात वांकी विवरणमा खाता अनुसार रु.२५१२४४३५८.९६ देखाएकोमा वैंक अनुसार रु.२९६७८४९३३।०० वांकी देखाएको छ, जसअनुसार रु.४५५४०५७५।०० वढी देखिएकोमा समायोजन हिसाव पेश गरेको छैन । उक्त हिसाव एकिन गरी प्रमाण पेश हुनुपर्दछ । | |
| २९ | | | **बजेटको सुनिश्चतता र लागत अनुमान**<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ३ मा सार्वजनिक निकायले कुनै पनि खरिद कार्यका लागि लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावलीको नियम ६ मा बजेटको सुनिश्चितता हुनुपर्ने व्यवस्था छ । तर यस पालिकाले लागत अनुमान तयार नगरि बजेट को सुनिश्चितता नगरि कार्यापालिकाको निर्णयबाट सार्वजनिक सेवा उपयोगिता शिर्षकबाट गाउँपालिकाको मौलिकतामा आधारित गित बनाउने भनि ३ लाख दिने निर्णय भएको देखिन्छ । जसमा तिन फर्महरु मध्ये न्युन कबोल भएको साथिभाइ फिल्मस प्रालिको रु ४९०००० प्रस्ताव स्वीकार गरि कार्यदेश दिएको देखिन्छ जुन बजेट भन्दा बढि छ र पुन कार्यपालिकाले थप रकम दिने निर्णय गरि भौचर नं ४९८ र ५३५ बाट भ्याट सहित रु ४००००० भुक्तानी दिएको छ जुन कार्य नियमसंगत नदेखिएकोले नियमित गर्नुपर्ने रु – | ४००,००० |
| ३० | | | **गत वर्षको भुक्तानी** | ७,९१७,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०६४ को नियम ३९ को उपनियम १३ अनुसार चालू वर्षको बजेटले नखाम्ने गरी दायित्व सृजना गर्नुहुदैन । तर विशेष कारण एवं परिस्थितिमा तलब भत्ता जस्ता खर्च शिर्षकहरुमा चालु वर्षको बजेटले नखाम्ने खर्च व्यहोर्नु पर्ने भएमा बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोलि महालेखापरिक्षकले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारी चढाई राखुपर्ने पालिकाले यो वर्ष पालिका चालु कच्चावारि प्रमाणित गरी राखेको नदेखिएकोले नियमसंगत नदेखिएको रु– | |

| भौ. नं | खर्च शिर्षक | रकम |
|---|---|---|
| १८४,३८८,७०६ | कानुनी सहजकर्ताको पारिश्रमिक | १४६००० |
| १२१ | फिल्ड भत्ता | ३०००० |
| ६१ | बोलपत्र मुल्याकंन समिति र कर्मचारी भर्ना समितिको खर्च | १३८००० |
| | भुमि व्यवस्थापन शाखामा कार्यारत कर्मचारीको भत्ता | १०१०००० |
| ८८,१०५,११६,१४५ | पत्रपत्रिका तथा सुचना प्रकाशन खर्च | २७१००० |
| १६ | पशु शाखाका कर्मचारीको भुक्तानी | ३०००० |
| ५२,५९,६०,६४,६५,१८६ | माछा प्रबर्धन कार्यक्रम | १३००००० |
| ४८,१००,१०१,४६१ | कोभिड व्यवस्थापन खर्च | ४९९२००० |
| | जम्मा | ७९१७००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३१ | | | **स्काउट कार्यक्रम**<br><br>अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७८ अनुसार कार्यक्रमको मापदण्ड निर्धारण गरेको छ सो मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ तर पालिकाले भौचर नं ६६४ बाट २०७८।६।२ गते स्काउटको कार्यक्रममा रु १८२२२५ भुक्तानी भएको छ । जुन कार्यक्रम मनहरी ९ स्थित अग्निहोत्र आश्रमको सभाहलमा भएको देखिन्छ उक्त कार्यालय मनहरि गाउँपालिकाबाट नजिकै भएको र कार्यालयमा ३ वटा सरकारी गाडि रहेको अवस्थामा पनि उक्त कार्यक्रममा इन्धनमा ३००० को छुट्टै बिल राखि भुक्तानी भएको देखिन्छ यसरि इन्धन सुविधा लगेर पुन नम्स बेगर रिजर्ब गाडिको बिल भनि राखेको ८००० रकम असुल गर्नुपर्ने रु ... | ८,००० |
| ३२ | | | **तादम्यता नभएको:**<br><br>अर्थ मन्त्रालय द्धारा प्रकाशित तलबमान २०७८ बमोजिम संघिय सरकारमा कार्यरत अधिकृत स्तरको मासिक तलब स्केल ३७९९० र ग्रेड रु १२६७ रहेको छ । यस पालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री मोहनकुमार श्रेष्ठ संघीय सरकारको शाखा अधिकृत स्तरको तलब ३७९९० र ग्रेड १२६७ का दरले ७ ग्रेड मासिक रु ४६८५९ भुक्तानी दिनुपर्नेमा उपसचिवस्तरको मासिक तलब स्केल ४२३८० र ग्रेड १४१३ का दरले मासिक रु ५२२७१ भुक्तानी दिएको पाइयो । निज प्रमुख प्रशासकीय अधिकृतको गांउपालिकाको २०७८।०४ को कार्यपालिका वैठकद्धारा O&M स्वीकृत गरी आठौं तहको तलव भत्ता पाउने उल्लेख गरी भुक्तानी दिएको पाईयो संघीय मन्त्रालयको मापदण्डमा आधारित रहेर पद तथा तलव भत्ता वितरण गर्नुपर्ने देखिन्छ । | |
| ३३ | | | **फरक शिर्षकमा खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ (७) बमोजिम सभाबाट स्वीकृत शिर्षक बाहिर गएर बजेट खर्च गर्न नपाइने व्यवस्था छ । तर पालिकामा सभाबाट गा.पा चालु शिर्षकबाट जुन प्रयोजन वा शिर्षकमा बजेट विनियोजन भएको हो त्यस शिर्षकमा खर्च नगरि विभिन्न योजनामा खर्च गरेको छ जस्तै बिपद व्यवस्थापन कोषको रकम वास्तविक विपदमा परेको वर्गले पाउनुपर्ने हो तर पालिकाले यसको विपरित कार्यक्रम संसोधन नगरि खर्च गर्नु नियमविपरित देखिएकोले नियमित गर्नुपर्ने रु | ३,७८९,२४७ |

| भौचर नं | बजेट शिर्षक | खर्च शिर्षक | रकम |
| --- | --- | --- | --- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २१९ | विपद व्यवस्थापन कोष | नयाँ वस्ती सिचाई समिति उ. स मनहरि ८ | ५०००० |
| २२० | विपद व्यवस्थापन कोष | भोजसिद्ध चोक स्लाप उ.स | १६०००० |
| २६६ | विपद व्यवस्थापन कोष | केदारेश्वर खानेपानी तथा सरसफाई उ. स | ३००००० |
| २९७ | विपद व्यवस्थापन कोष | चकरी सिचाई योजना उ. स | ३२८८८ |
| ३१७ | विपद व्यवस्थापन कोष | डोटे सकौरा खानेपानी उ.स | ५४००० |
| ४५८ | विपद व्यवस्थापन कोष | सिद्धकालि कुलो नियन्त्तण उ. स | १००००० |
| ४५९ | विपद व्यवस्थापन कोष | चिहान डाडा टष्ट निर्माण उ.स | २९८८८७ |
| ४६० | विपद व्यवस्थापन कोष | रमौली प्रतापपुर कुलो मर्मत उ.स | ५०००० |
| ५०४ | विपद व्यवस्थापन कोष | नवज्योति प्रावि लामिटार उ. स | ८५१५२९ |
| ५४० | विपद व्यवस्थापन कोष | काकागडा टोल जाने सडक | २००००० |
| ५५६ | विपद व्यवस्थापन कोष | च्याउँ उत्पादन केन्द्र जाने बाटो उ. स | २००००० |
| ५८० | विपद व्यवस्थापन कोष | डिल्लिपुर बसपार्क देखि दलचाक उ.स | २८८५६९ |
| ६७८ | जनजाती प्रबद्धन कार्यक्रम | बुद्धको मुर्ति निर्माण मनहरी ६ सुनाचरी उ.स | २३४७४४ |
| ७०६ | जनजाती प्रबद्धन कार्यक्रम | भिमानसहिद स्मारक उ.स | ४३२०५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६६२</td><td>जनजाती प्रबद्धन कार्यक्रम</td><td>मनकामना परिसरमा बुद्धको मुर्ति बनाउने उ.स</td><td>३१९६२७</td></tr>
<tr><td>५८३</td><td>डस्विन वितरण</td><td>पूर्ण खोल्सी झोरा उ. स</td><td>१४२३९५</td></tr>
<tr><td>५९४</td><td>डस्विन वितरण</td><td>देउकोट ट्याक ओपन उ.स</td><td>७४५५८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३७८९२४७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>अध्यक्षलाई भुक्तानी<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ को उपनियम ४ मा उपभोक्ता समितिबाट काम गराई भुक्तानी दिदा उपभोक्ता समितिको नाममा दिनुपर्ने व्यवस्था छ । तर पालिकाले भौचर नं ९२ बाट राधाकृष्ण सिचाइ कुलो मर्मत उपभोक्ता समिति मार्फत रु ७६४०७ काम गराएको र उक्त रकम उपभोक्ता समितिको अध्यक्ष श्री श्याम बहादुर भुक्तानि दिएको नियमसंगत नदेखिएकोले नियमित गर्नुपर्ने रु ..</td><td>७६,४०७</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता<br><br>सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा भत्ता वित्तरण कार्यविधि, २०७७ बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षामा यस वर्ष निम्नअनुसार अवस्था रहेको देखियो।<br><br>
<table>
<tr><td>किस्ता</td><td>जम्मा निकासा</td><td>वैंकले लाभग्राहिको खातामा जम्मा</td><td>फरक रकम</td></tr>
<tr><td>प्रथम किस्ता</td><td>३२४९५८४६</td><td>३१६४१३१२</td><td>८५४५३४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>दोस्रो किस्ता</td><td>३३१२०१६२</td><td>३२४२७२५२</td><td>६९२९१०</td></tr>
<tr><td>तेस्रो किस्ता</td><td>३३४६७२९७</td><td>३२७५५८००</td><td>७११४९७</td></tr>
<tr><td>चौथो किस्ता</td><td>३४०५३०६५</td><td>३३३३८८५४</td><td>७१४२११</td></tr>
<tr><td>जम्मा निकाशा</td><td>१३३१३६३७०</td><td>१३०१६३२१८</td><td>२९७३१५२</td></tr>
<tr><td colspan="3">फिर्ता भएको वैंङ्क बाट</td><td>३२०९१९०</td></tr>
</table>
सामाजिक सुरक्षा भत्ता आर्थिक वर्ष भित्र विभिन्न कारणले लगत कट्टा गरि सम्बन्धित वैंकमा लाभग्राहिको खातामा भएको रकम सम्बन्धितलाई वा मृत्यु भएर लागत कट्टा भएमा लाभग्राहि वा हकवाला मार्फत पाउने रकम भुक्तानि गरि बाकि रकम फिर्ता गर्नु पर्ने कार्यविधिमा व्यवस्था छ। यस सम्बन्धी नगरपालिकाले यस आर्थिक बर्षमा वैंकबाट फिर्ता गरेको विवरण राखेको देखिएन। नगरपालिकाले सो विवरण तयार गरि रकम के कति फिर्ता भयो र बाकि के कति छ भन्ने सम्बन्धमा यकिन गरि फिर्ता गर्न बाकि भए यथासिघ्र दाखिला गर्नु पर्दछ।
फर्वर्ड फिड र रिभर्स फिड को कार्यावन्यन नभएको:
सामाजिक सुरक्षा भत्ता वित्तरण कार्यविधि, २०७७ बमोजिम पालिकाले त्रैमाषिकरुपमा भत्ता वितरण गर्ने वैंकलाई निकाशा गर्दा फर्वर्ड फिड र रिभर्स फिडको प्रयोग गर्नु पर्दछ। यस गाउँपालिकामा फर्वर्ड फिड र रिभर्स फिडको प्रयोग भएको देखिएन। पालिकाले कार्यविधि अनुसार अनिवार्य गर्नु पर्ने देखिन्छ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सामाजिक सुरक्षा भत्ता वित्तरण सम्बन्धमा पारदर्शिता तथा जवाफदेहिता कायम गर्न सुरक्षा भत्ता वित्तरण कार्यविधि, २०७७ को परिच्छेद ७ बमोजिम देहायनुसार गर्नु पर्नेमा सो अनुसार नगरेकोले कार्यविधिमा तोकिए अनुसार गर्न पर्नेमा दफा ३१ बमोजिम सामाजिक सुरक्षा भत्ता वित्तरण कार्यक्रममा भएको निकासा तथा खर्चको चौमासिक रुपमा समिक्षा गर्नु पर्नेमा नगरेको<br><br>दफा ३२ बमोजिम लाभग्राहीको नाम पालिका एम आई एस बमोजिमको अद्यावधिक नामावली पालिकाको वेबसाईटमा राख्नु पर्ने ।<br><br>दफा ३४ बमोजिम पालिका तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नु पर्दछ। | |
| ३६ | ११९ | २०७९-३-२२ | **सञ्चार सामाग्री प्रसारण तथा छपाईः**<br><br>गाउँपालिकाले पाँचथरीका स्टिकर छपाई भनि मात्रीभूमी प्रन्टिङ सर्भिस लाई रु ६००००। भुक्तानी भएको देखिन्छ। संलग्न विल तथा कागजातमा VAT बापतको रकम रु ७१३१। भएता पनि भौचरमा जम्मा रु ८२३ मात्र कट्टा गरि भुक्तानी दिएको देखिन्छ। भौचरमा संलग्न स्टिकरमा मन्त्रालयको स्टिकर नमुना उल्लेख भएको देखिन्छ। यसरी गाउँपालिकाले छापेको स्टिकरमा गाउँपालिकाको कुनै नामसमेत उल्लेख भएको देखिदैन। पालिकाले यस्ता कार्यमा समेत ध्यान दिनुपर्ने देखिन्छ। कट्टि गर्न बाकि रकम दाखिला गरि प्रमाण पेश गर्ने रु | ६,०८३ |
| ३७ | १२७ | २०७९-३-२४ | **औषधी खरिद गरि निशुल्क छाप नलगाएकोः**<br><br>पालिकाले गो भौ नं १२७ मिति २०७९।३।१४ मा विद्युत्तिय ठेक्का खरिद प्रकृयाबापत रु १३,२२,८९६। रकमको औषधी खरिद गरेको देखिन्छ। खरिद गरेको औषधीको स्थलगत अवलोकन गर्दा कार्यविधि अनुसार गाउँपालिकाबाट निशुल्क वितरण गर्नु पर्ने औषधीमा निशुल्क को छाप लगाएको देखिएन। पालिकाले सो सम्बन्धमा औषधी वितरण प्रकृयालाई नियन्त्रण गरि तत्काल छाप लगाई नियमित गर्नु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | १३० | २०७९-३-२५ | **कृषि औजार खरिदमा लागत सहभागीता**<br><br>संघिय सशर्त अन्तर्गत नविनतम प्रविधिको प्रयोगद्वारा खाद्य उत्पादन र वजारिकरण वृद्धी गर्दै ग्रामिण क्षेत्रमा पोषण खाद्य सुरक्षा सुनिश्चित गर्ने कार्यक्रममा ५० प्रतिशत रकम कृषको लगत सहभागितामा खरिद गर्नु पर्ने व्यवस्था अनुरुप गाउपालिकाले गो भौ नं १३० मिति २०७९।३।२५ मा १,०५,१८,५००। को कृषि सामाग्री तथा औजार खरिद गरेको देखिन्छ। जसमा गाउपालिकाको रु ५२,५९,२५०। र कृषकको सहभागिता रु ५२,५९,२५०। गरि भुक्तानी भएकोमा कृषकको लगत रकम गा पा मा रु ६१,२६,९५०। नगद जम्मा भएको हुदा बढी रकम रु ८,६७,७००। सम्बन्धितलाई फिर्ता गरि प्रमाण पेश गर्नु पर्ने रु | ८६७,७०० |
| ३९ | | | **स्वास्थ्य सम्बन्धी कार्यक्रममा भत्ता**<br><br>स्थानिय तहमा स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन बमोजिम तथा अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ मा खर्च सम्बन्धी मापदण्डको व्यवस्था छ। पालिकाका कर्मचारी पदाधिकारी गाउँपालिका भित्रकै विभिन्न स्थानमा भएका कार्यलय समयमा पालिकालेनै आयोजना गरका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला लगायतमा स्वास्थ्य तर्फका संघिय शशर्तअनुदान अन्तर्गतका कार्यक्रममा नमुना छनौट गर्दा निम्न शिर्षकमा सहभागी भत्ता, यातायात भत्ता लिएको तथा मापदण्ड भन्दा बढी समेत वितरण भएको देखियो। गाउँपालिकाले यस्ता खर्च लेख्दा संघिय कानुनको अधिनमा रहि खर्च गर्ने तर्फ ध्यान दिई मितव्ययिता तथा कार्यक्रमको प्रभावकारिता कायम गर्नु पर्दछः | |

| कार्यक्रमको नाम | कार्यक्रम भएको स्थान | यातायात तथा सहभागी भत्ता |
|---|---|---|
| खोप सम्बन्धी अभिमुखिकरण कार्यक्रम | रजैया | ३३२०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>उपचारात्मक सेवा अन्तर्गतका कार्यक्रम</td><td>हाडिखोला स्वास्थ चौकि</td><td>३००००</td></tr>
<tr><td>टाईफाईड खोप अभियान ५ दिने</td><td>मनोहरी अस्पताल लगायत</td><td>१२५५००</td></tr>
<tr><td>CBFMNCI outside coaching</td><td>गाउँपालिका</td><td>५०८००</td></tr>
</table>
<br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरि खरिद गर्नु पर्ने व्यवस्था छ। सो ऐन को नियमावली, २०६४ को नियम १२३(८) मा पच्चिस हजार भन्दा बढी रकम भुक्तानी गर्नु पर्दा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई एकाउण्ट पेयी चेकको माध्यमबाट भुक्तानी गर्नु पर्ने व्यवस्था छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा संघिय शशर्त चालु खर्च अन्तर्गत स्वास्थ्यतर्फ पालिकाले विभिन्न मितिमा ज्योती राज लुईटेल मार्फत रु.२९६१३९। भएको देखियो। पालिकाले सोधभर्ना भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>
वि ओ क्यु भन्दा वढी भुक्तानीः
<br><br>
वि.ओ.क्यू भन्दा वढी परिमाणमा भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिद सम्झौता अनुसार रनिङ्ग विल वा अन्य विलको भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नापजांच गरी नापी कितावमा उल्लेख भएको वासतविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्माण व्यवसायीलाई अन्तिम विल भुक्तानी गर्दा स्वीकृत वि.ओ.क्यू भन्दा वढी परिमाणले निम्नानुसार भुक्तानी गरेको देखिएकोले नियमावलीमा भएको व्यवस्था विपरीत फरक पारी भुक्तानी गर्न निल्ने नियमसंगत नदेखिएको रु.
<br><br>
<table>
<tr><th>गो.भौ.न</th><th>योजनाको विवरण</th><th>वि.ओ.क्यु परिमाण</th><th>भुक्तानी परिमाण</th><th>दर</th><th>रकम</th></tr>
</table>
</td><td>९२,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३८</td><td>Boring.NCB.2076.77</td><td>30</td><td>34</td><td>3000</td><td>12000</td></tr>
<tr><td>24</td><td>VGR.NCB.MAN 77.78</td><td>5</td><td>15</td><td>8000</td><td>80000</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>नन् फाईलरलाई भुक्तानीः<br><br>नन्फाईलरलाई भुक्तानीः मूल्य अभिवृद्धि कर ऐन, २०५२ वमोजिम दर्ता भएको करदाताले मासिक रुपमा मू अ कर विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले खानेपानी विस्तार योजनाको वडा ८ मा निर्माण गर्न लागिएको ठेक्कामा नेपाल तराई निर्माण तथा डिप ट्युवेल प्रालि संग रु १९६२९४२।०० को लागतमा सम्झौता गरेकोमा निजले कार्य सम्पन्न साथ पेश गरेको विजक परीक्षण गर्दा निजले २०७८ मंसिरदेखि सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा विवरण पेश गरेको देखिएन साथै आयकर तर्फ पनि नन् फाईलर देखिएकोले गो भौ नं ३८ वाट भएको भुक्तानीको सम्वन्धमा आपूर्तकले कर समायोजन पत्र पेश हुनुपर्ने रु</td><td>१,९६४,९४२</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>पर्खालमा नर्म्स विपरीत भुक्तानीः<br><br>पर्खालमा बढी दर सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ। नेपाल सरकारले सडक तथा सडक संरचना निर्माणको नर्म्स अध्यावधिक गरी मिति २०७५।४।२५ मा नेपाल सरकार मन्त्रीपरिषद्बारा स्वीकृत गरी प्रकाशित गरेको छ । जसअनुसार सडक निर्माण कार्यको दर विश्लेषण तयार गरी लागत अनुमान तयार गर्नुपर्दछ। उक्त सडक नर्म्स २०७५ को नर्म्स नं २६०० अनुसार १:४ को स्टोन मेसनरीको दर प्रति घनमिटर रु.७१०९.५६ हुने देखिन्छ । तर पालिकाले फरक नर्म्सको प्रयोग गरी १:४ को स्टोन मेसनरीको दर प्रति घनमिटर रु.७६०४.६७ प्रयोग गरेको छ । जसअनुसार उक्त योजनाहरुमा १:४ को स्टोन मेसनरीमा प्रति घनमिटर रु.४९५.२१ बढीका दरले पालिकालाई थप व्ययभार परेको छ । उपभोक्ता समितिलाई लागत अनुमानको दरमा भुक्तानी भएकोले देहाय अनुसार निर्माण कार्यमा निम्नानुसार रकम भुक्तानी भएकोमा पालिकालाई थप व्ययभार परेकोले नियमित हुनुपर्ने रु.</td><td>१२७,३३०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४।२०७८।०६।११</td><td>ठाडोखोला स्ल्याव ढलान</td><td>स्टोन मेशनरी वर्क १;४</td><td>७१०९</td><td>७३२३</td><td>२१४</td><td>५३</td><td>11342</td></tr>
<tr><td>७८।२०७८।०९।२६</td><td>सानाटोल स्थित सडक</td><td>स्टोन मेशनरी वर्क १;४</td><td>७१०९</td><td>७३२३</td><td>२१४</td><td>६६</td><td>14124</td></tr>
<tr><td>८५।२०७८।०९।२६</td><td>सुकौरा झोरा नियन्त्रण</td><td>स्टोन मेशनरी वर्क १;४</td><td>७१०९</td><td>७३२३</td><td>२१४</td><td>६९</td><td>14766</td></tr>
<tr><td>१२१।२०७८।११।०१</td><td>वेलचोकदेखि मकुरीभञ्ज्या</td><td>स्टोन मेशनरी वर्क १;४</td><td>७१०९</td><td>७३२३</td><td>२१४</td><td>४५</td><td>9630</td></tr>
<tr><td>१४८।२०७८।११।१०</td><td>भुलचोक खयरघारी वाटो</td><td>स्टोन मेशनरी वर्क १;४</td><td>७१०९</td><td>७३२३</td><td>२१४</td><td>१९३</td><td>41302</td></tr>
<tr><td>३०३।२०७९।०२।१९</td><td>शिखरवास पिकनिक स्पट</td><td>स्टोन मेशनरी वर्क १;४</td><td>७१०९</td><td>७३२३</td><td>२१४</td><td>५९</td><td>12626</td></tr>
<tr><td>३२६।२०७९।०३।०२</td><td>ज्यामिरे चनौटा टोल</td><td>स्टोन मेशनरी वर्क १;४</td><td>७१०९</td><td>७३२३</td><td>२१४</td><td>११०</td><td>23540</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>127330</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>पि सि सि वर्कः<br><br>नेपाल सरकारले सडक तथा सडक संरचना निर्माणको नर्म्स अध्यावधिक गरी मिति २०७५।४।२५ मा नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत गरी प्रकाशित गरेको छ । जसअनुसार सडक निर्माण कार्यको दर विश्लेषण तयार गरी लागत अनुमान तयार गर्नुपर्दछ। उक्त</td><td>९६७,२८३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सडक नर्म्स २०७५ को नर्म्स नं २००० अनुसार मेसिन प्रयोग गरी १:२:४ को पिसिसि गर्ने कार्यको दर प्रति घनमिटर रु.९०२३.४० मात्र हुने देखिन्छ । तर पालिकाले मानीसबाट कंक्रीट तयार हुने गरी १:२:४ को पिसिसि कार्यको दर प्रति घनमिटर रु. ९८२७ प्रयोग गरेको छ । उपभोक्ता समितिले पेश गरेको विल तथा फोटो अनुसार सडक ढलान कार्यको लागि मिक्चरको तथा मेसिनको प्रयोग भएको देखिन्छ । जसअनुसार उपभोक्ता समितिले मेसिन प्रयोग गरी कार्य गरेको अवस्थामा समेत मानीसको दरमा भुक्तानी भएको देखिन्छ । ती आईटममा वढी दरले भुक्तानी भई थप व्ययभार परेको छ । यसर्थ पालिकाले अवलम्वन गरेको फरक दरविष्लेषणवाट वढी व्ययभार परेको रकम सम्वन्धमा नियमसम्मत नदेखिएकोले नियमित गर्नुपर्ने रु | |

| गो भौ नं | उपभोक्ता समिति/निर्माण ब्यवसायी | कामको बिबरण | सडक नर्म्स बमोजिमको दर | कार्यालयबाट प्रयोग भएको नर्म्स बमोजिमको दर | फरक दर | मुल्यांकन परिमाण | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| ४।२०७८।०६।११ | ठाडोखोला स्ल्याव ढलान | पिसिसि १:२:4 | ९०२३.०० | १०२०३. | 1180.00 | ४४. | 51920 |
| ७८।२०७८।०९।२६ | भुलचोक नं३ स्लयाव ढलान | पिसिसि १:२:4 | ९०२३.०० | ९६२३. | 600.00 | ३२.१७ | 19302 |
| 80।२०७८।०९।२६ | राधाकृष्ण वाटो स्ल्याव ढलान | पिसिसि १:२:४ | ९०२३.०० | ९८२७. | 804.00 | ५४. | 43416 |
| ९६।२०७८।१०।०४ | लामावस्ती स्ल्याव ढलान | पिसिसि १:२:४ | ९०२३.०० | ९६८३. | 660.00 | ४१ | 27060 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२६।२०७८।११।०१ | अग्नि होत्रा आश्रम | पिसिसि १:२:४ | ९०२३.०० | ९८२७. | 804 | ४०. | 32160 |
| १४८।२०७८।११।१० | भुलचोक खयरघारी वाटो नाला | पिसिसि १:२:४ | ९०२३.०० | ९६८३. | 660 | ७८. | 51480 |
| १४६।२०७८।११।०५ | घ्यावाडांडा स्ल्याव ढलान | पिसिसि १:२:४ | ९०२३.०० | १०५०२. | 1479 | ५१ | 75429 |
| १४५।२०७८।११।०५ | स्याङ्गवोटोल उकालो स्ल्याव | पिसिसि १:२:४ | ९०२३.०० | ९८२७. | 804 | ३१ | 24924 |
| १४३।२०७८।११।०५ | मिश्रचोक सिलवालचोक | पिसिसि १:२:४ | ९०२३.०० | ९८२७ | 804 | ४३ | 34572 |
| १५६।२०७८।११।१२ | सिद्धकाली च्यानडांडा ढलान | पिसिसि १:२:४ | ९०२३.०० | ९८२७ | 804 | ३९ | 31356 |
| १६८।२०७८।११।१२ | चिन्चामणी मार्ग | पिसिसि १:२:४ | ९०२३.०० | ९८२७ | 804 | ५४ | 43416 |
| १६४।२०७८।११।१२ | ठाकूर थिङ्गको घर जाने वाटो | पिसिसि १:२:४ | ९०२३.०० | ९८२७ | 804 | ५२ | 41808 |
| १६२।२०७८।११।२२ | देउकोट पानी टयाकीं | पिसिसि १:२:४ | ९०२३.०० | ९८२७ | 804 | ५३ | 42612 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८५।२०७८।१२।०१ | घिसिङ्गडाँडा घट्ट जाने वाटो | पिसिसि १:२:४ | ९०२३.०० | ९८२७ | 804 | ६२ | 49848 |
| २१४।२०७८।१२।१४ | नेपाल टोल हुंदै जाने वाटो | पिसिसि १:२:४ | ९०२३.०० | ९८२७ | 804 | ७३ | 58692 |
| २१९।२०७९।०१।१९ | भाट्टी जाने वाटो स्ल्याव ढलान | पिसिसि १:२:४ | ९०२३.०० | ९८२७ | 804 | ५५ | 44220 |
| २७७।२०७९।०१।१९ | रुन्चेडाँडा वाटो स्तरीकरण | पिसिसि १:२:४ | ९०२३.०० | ९८२७ | 804 | ११२ | 90048 |
| २६१।२०७९।०१।११ | पालुङ्गे डाँडा अधुरोवाटो स्तरीकरण | पिसिसि १:२:४ | ९०२३.०० | ९८२७ | 804 | ९५ | 76380 |
| २९०।२०७९।०२।०६ | भुल्चोक खयरवारी वाटो | पिसिसि १:२:४ | ९०२३.०० | ९८२७ | 804 | १६० | 128640 |
| जम्मा | | | | | | | 967283 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | ४५६ | २०७९-३-२३ | **नाफा मुलक संस्थालाई अनुदानः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । पालिकाले कार्यालयको दैनीक कार्य संचालन गर्न भवन नभएको अवस्थामा भवन भाडामा लिई खर्च लेखेको अवस्थामा समेत पालिकाले देहाय अनुसारका बचत तथा ऋण सहकारी संस्थालाई भवन तथा कम्पाउण्ड वाल निर्माण लगायतका कार्यमा अनुदान दिएको छ । जसबाट पालिकाको सेवा प्रवाहलाई सहज तथा सुलभ बनाउने कार्य भन्दा नाफामूलक संस्थाको भौतीक | २,६७०,११४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>संरचना निर्माणको लागि खर्च गरेको देखिन्छ । साथै अनुदान लिएका नाफामुलक संस्थाले स्थानिय जनतालाई दिएको सहुलियत तथा सुविधाको सम्बन्धमा समेत पालिकाबाट अनुगमन भएको पाईएन् । तसर्थ नाफामुलक संस्थालाई अनुदान उपलब्ध गराउने कार्य अनियमित देखिएको नियमित गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>भुक्तानी गो.भौ नं</th><th>संस्थाको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४५६।२०७९।०३।२३</td><td>साना किसान कृर्षि सहकारी लि</td><td>१६७०११४।००</td></tr>
<tr><td>४२४।२०७९।०३।२२</td><td>दिव्य ज्योति सहकारी</td><td>१००००००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>जटिल संरचनाः<br><br>जटिल संरचना निर्माणःसार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले विद्युतिकरण, आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका कार्यालय तथा अन्य भवन, ओभरहेड टंकी लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गो.भौ.</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>कुल अध्याविक कार्य</th><th>पालिकाले खर्च लेखेको रकम</th></tr>
<tr><td>१४</td><td>रासी निकास जाने पक्की पुल</td><td>वक्स कल्भर्ट</td><td>२८७६९८९</td><td>२८५२०६८</td></tr>
<tr><td>१४९</td><td>रमौली जाने पुल</td><td>कल्भर्ट</td><td>११५१४३८</td><td>११५१४३८</td></tr>
<tr><td>२१८</td><td>सुनाचुरी जोगिलाल पक्की पुल</td><td>पक्की पुल</td><td>३६००६५२</td><td>२८७५८३८</td></tr>
<tr><td>१३५</td><td>ज्यामिरेखोला कल्भर्ट निर्माण</td><td>कल्भर्ट</td><td>४०७३८०१</td><td>४०४३८०१</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>११७०२८८०</td><td>१०९२३१४५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>ढुंगा गिटी वालुवाः<br><br>क)ढुंगा गिटी वालुवाको आम्दानीः यस पालिकाको आम्दानी हुने क्षेत्रमा दहत्तर वहत्तर ढुंगा, गिटी वालुवाको आम्दानी रहेको पाईयो जसअनुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जारी गरेको आ.ई.ई रिपोर्ट,२०७५ अनुसार रासी खोलाको विभिन्न १० क्षेत्रवाट वार्षिक २६०४२० घ.मि अर्थात ९१८७६१७ क्यु फिट उत्खनन् हुने परिमाण निर्धारण गरेको छ । गत वर्ष पालिकाले पेश गरेको तथ्यांक अनुसार वार्षिक १९८२२५ घ.मि उत्खनन गरेको(घन फिट ६९९३३७८ अर्थात ७६ प्रतिशत ) उत्खनन भएको मान्दा मू.अ कर सहित १०.१७ को दरले थप रु.२२३१५४१०।०० राजस्व नोक्सानी हुन जाने देखिन्छ । पालिकाले विभागमा यस आर्थिक वर्षको लागि आ.ई.ई का लागि २०७९।०३।०१ मा अनुरोध गरेकोमा विभागले कुनै कार्यवाही गरेको देखिदैन ।साथै छलफलको क्रममा पालिकाले वार्षिक १६ करोड मात्र होईन ३० करोड भन्दा वढी राजस्व उठ्ने सम्भाव्य श्रोत रहेको जनाएको छ ।तर तालुक</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निकायको,(संघ प्रदेशका निकायवाट) यस सम्वन्धमा कुनै सहयोग प्राप्त नभएको जनाएको छ। विभागवाट समयमा निर्णय नहुदा प्राकृतिक स्रोत साधनको चोरी,निकासी पैठारी हुने गरेको र वर्षेनी अमानतवाट राजस्व संकलन गर्दा प्रभावकारी नहुने साथै ठेक्का व्यवस्थापनवाट उक्त कार्य गर्न सकेमा अधिकतम् राजस्व असुली हुने देखिन्छ । पालिकाले अन्तरनिकायगत समन्वय गरी प्राकृतिक स्रोत र साधनको अत्युत्तम सदुपयोग गरी राजस्व वढोत्तरी गर्ने तर्फ अधिकतम् पहलकदमी चाल्नुपर्दछ ।<br><br>ख) मापदण्ड तर्जुमा गर्नुपर्नेः<br><br>कार्यालयले २०७८।०५।२३ देखि २०७९।०३।३१ सम्म अमानतबाट १५१५९८४८.१८ घन फिट ढुंगा गिट्टि बालुवा निकासी गरेको छ । अमानतबाट राजश्व संकलन गर्दा १० चक्के टिपरको प्रति टिपर ४०० घनफिट मात्र परिमाण गणना गरि प्रतिघन फिट मूल्य अभिबृद्धि कर समेत रु १०.१७ का दरले राजश्व संकलन गरेको छ । तर नेपालमा संचालनमा रहेका १० चक्के गाडिमा ५६४ घन फिट (१२ घन मिटर ) सम्म निर्माण सामग्री ढुवानी हुने देखिन्छ । यसै पालिकाले ठेकेदार कम्पनी मार्फत राजश्व संकलन गर्दा १० चक्के टिपरमा ४२४ घन फिटको दरले राजश्व संकलन गरेको देखिन्छ । अन्य सवारी साधनमा समेत औषत क्षमता र ठेकेदार कम्पनीले देखाएको परिमाण भन्दा घटि परीमाण देखाई राजश्व संकलन गरेको देखिन्छ । तसर्थ अमानतबाट उठाएको राजश्वलाई १० चक्के गाडिको आधारमा हिसाब गर्दा औषत क्षमता भन्दा प्रति टिपर १६४ घनफिट र पालिकाकै निर्माण व्यवसायीले देखाएको परिमाण भन्दा प्रति(१५१५९८४८.१८/५६४)२६८७९ टिपर× २४×१०.१७ घनफिट कम हुने देखिन्छ । तसर्थ यस जिल्लाका दश चक्के गाडीको भारवहन क्षमता कति हो एकिन गर्न प्राविधिक समिति गठन मापदण्डको सम्वन्धमा अध्ययन गरी वस्तु निष्ठ मापदण्ड वनाई राजस्व संकलन संग तादत्म्यता कायम गरी कार्यान्वयन गर्न सुझाव दिईएको छ । | |
| ४८ | | | **क्रसर उद्योगको मौज्दातः**<br><br>क्रसर उद्योगहरुको मौज्दातः नदिजन्य तथा खानीजन्य पदार्थको मौज्दात प्रमाणित गर्ने प्रयोजनार्थ गठित उपसमितिको २०७९।०३।२४ को सिफारीश समितिले मनहरी गाँउपालिका भित्र रहेका निम्नानुसारका क्रसर उद्योगहरुको आर्थिक बर्ष २०७९।८० को लागी देहाय बमोजिम शुरु मौज्दात गणना गरी जिल्ला समन्वय समितिलाई मिति पत्र पठाएको देखिन्छ । अनुगमन समितिको प्रतिबेदन अनुसार १४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | क्रसर उद्योगहरुमध्ये ८ उद्योगले ४२६९१ घनमिटर अर्थात १५०६१३८ घनफिट नदिजन्य पदार्थ आफ्नो अभिलेखमा घटि भएको भनी मौज्दात कायम गरेको देखिन्छ । मौज्दात घटि देखाएको परिमाणको बिक्रिबाट प्रति घनफिट मूल्य अभिबृद्धिकर समेत १०.१७ को दरले रु १ करोड ५३ लाख १७ हजार आम्दानी हुने देखिन्छ तर यस सम्वन्धमा पालिकाले कुनै कार्यवाही गरेको देखिदैन ।यस क्रममा मिति २०७९।०९।१३ मा कार्यालयमा मलेप प्रतिवेदनको मस्यौदा उपर छलफल हुंदा जिल्ला समन्वय समिति हेटौडा अन्तर्गत अनुगमन समितिलाई मौज्दात प्रमाणीकरणका लागि पत्राचार गरेकोमा तहांवाट कुनै तदारुकता नदेखाएकोले स्थगन गर्नुपरेको भनाई रहेको छ । तर मौज्दात प्रमाणीकरण कार्य आषाढ मसान्तमा गर्नुपर्ने हो त्यो समेत गरेको देखिदैन भने निज उद्योगको कारोवारमा आयकर ऐन, २०५८ तथा मू.अ कर ऐन २०५२ समेत आकर्षित हुने हुंदा सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा समेत पत्राचार गरी यथार्थ मौज्दात पेश गरे नगरेको समन्वय गरी प्रतिवेदन पेश हुनुपर्दछ । | |

| सि नं | क्रसर उद्योगको नाम | अभिलेख अनुसारको मौज्दात | अनुगमनबाट | फरक मौज्दात घनमिटरमा |
|---|---|---|---|---|
| १ | सन्तोषि बालुवा उद्योग | ११६४५.३९ | ६९०९.८७ | ४७३५.५२ |
| २ | जय मनहरी बालुवा उद्योग | २७९०.७ | २६५२.०४ | १३८.६६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | वतौंला वालुवा उद्योग | ५८५३ | १४६६.७१ | ४३८६.२९ |
| ४ | चतुर्मुखी क्रसर उद्योग | ९९०२१.७७ | ९३०३३.४ | ५९८८.३७ |
| ५ | जनसेवा क्रसर उद्योग | २१८६२.१३ | ६२३०.५६ | १५६३१.५७ |
| ६ | ओमशान्ती क्रसर उद्योग | ९७४०.४१ | ८६१४.०९ | ११२६.३२ |
| ७ | आफ्नै वालुवा उद्योग | १५७७४ | ९३३०.१८ | ६४४३.८२ |
| ८ | दांगसिग वालुवा उद्योग | ७०६७.४८ | २८२७ | ४२४० |
| | जम्मा | | | ४२६९१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९</td><td></td><td></td><td>वक्यौता व्यवस्थापनः<br><br>पालिकाको असुल गर्नु पर्ने राजस्व बक्यौताको अभिलेख लगत अद्यावधिक राखेको छैन । पालिकाको कार्यक्षेत्रमा दर्ता भएका करदाताको लगत तथा वक्यौताको लगत समेत अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>ढिला दाखिलाः<br><br>आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा दश प्रतिशतका दरले जरीवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ। पालिकाका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २,३ महिना पछि मात्र दाखिला गर्ने साथै वातावरण शुल्कको असुली गरेको रकम रु ४३५६८४८।०० पूरै दाखिला गरेको भएतापनि केहि महिनापछि दाखिला गर्ने गरेको पाईयो, ढिला दाखिला गर्ने कर्मचारीलाई जिम्मेवार वनाई समयमै दाखिला गर्ने तर्फ सम्वन्धित पक्षको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>राजस्व लक्ष्य तथा असुलीः<br><br>पालिकाले यस वर्ष विभिन्न शीर्षकमा (राजस्व वांडफाँड वाहेक) निम्न वमोजिम रु.३० करोड २६ लाख ६ हजार राजस्व असुली गर्ने लक्ष्य राखेकोमा जम्मा रु. २६ करोड ४० लाख ६ हजार मात्र राजस्व असुली गरी ८७ प्रतिशत प्रगति हासिल गरेको छ । लक्ष्य अनुसार राजस्व असुली भएको पाईएन न्यून राजस्व असुली भएका शीर्षकमा पालिकाले ध्यान दिई व्यवसायजन्य करदातालाई करको दायरामा ल्याउने तर्फ पालिकाले उपयुक्त नीति अवलम्वन गरी करको दायरा अभिवृद्धि गर्नेतर्फ पहल गर्नुपर्दछ ।<br><br>
<table>
<tr><td>राजस्व उपशीर्षक</td><td>अनुमानित बजेट</td><td>प्राप्त रकम रु.</td><td>गतवर्ष प्राप्ती रु.</td></tr>
<tr><td>११३१३ एकीकृत सम्पती कर</td><td>४,००,०००.००</td><td>३,०३,९२२.००</td><td>७,३०,९३७.००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ११३१४ भुमिकर/मालपोत | १८,००,०००.०० | ३३,५२,६४८.०० | ४६,१४,७६१.०० |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ० | २,३०,२०,७८१.०० | ९१,९५,९२१.०० |
| ११३२१ घरवहाल कर | ६,००,०००.०० | ६,४१,७४७.०० | १२,२२,९२०.८० |
| ११३२२ वहाल विटौरी कर | २,००,०००.०० | ० | १,४७,७६४.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ४,८५,५१,०००.०० | ६,३४,४९,५७०.३९ | ८,२१,८६,८५९.९० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ४,८५,५१,०००.०० | १,९९,०२,०५०.५० | ७५,५९,६७४.४६ |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १,००,०००.०० | ० | ० |
| ११४५६ बाँडफाँटबाट प्राप्त | २,३६,१४,०००.०० | २,४७,९७,४४६.८० | १,९७,८४,३३८.५९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>हुने सवारी साधन कर</td><td></td><td></td><td></td></tr>
<tr><td>११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर</td><td>०</td><td>०</td><td>३८,४९९.००</td></tr>
<tr><td>११६९१ अन्य कर</td><td>०</td><td>०</td><td>४८,४३,४४२.३९</td></tr>
<tr><td>जम्मा कर राजस्व</td><td>१२,३८,१६,०००.००</td><td>१३,५४,६८,१६५.६९</td><td>१३,०३,२५,११८.१४</td></tr>
<tr><td>१४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी</td><td>९०,७२,०००.००</td><td>६१,८१,२०१.५६</td><td>४१,७४,१२४.६७</td></tr>
<tr><td>१४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी</td><td>०</td><td>१,८४,९१,३७४.६८</td><td>०</td></tr>
<tr><td>१४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय</td><td>१६,००,००,०००.००</td><td>८,१६,६६,००७.६८</td><td>१०,५७,४०,९५४.००</td></tr>
<tr><td>१४२४२ नक्सापास दस्तुर</td><td>१,००,०००.००</td><td>०</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४२४३ सिफारिश दस्तुर</td><td>३०,००,०००.००</td><td>७७,५१,४६७.००</td><td>१७,२१,८८८.००</td></tr>
<tr><td>१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर</td><td>०</td><td>०</td><td>१,९१,२३५.००</td></tr>
<tr><td>१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर</td><td>१,१८,०००.००</td><td>६५,६००.००</td><td>५,४७,६००.००</td></tr>
<tr><td>१४२६५ अन्य क्षेत्रको आय</td><td>०</td><td>५३,९२,४७९.००</td><td>०</td></tr>
<tr><td>१४३११ न्यायिक दण्ड, जरिवाना र जफत</td><td>१०,००,०००.००</td><td>०</td><td>०</td></tr>
<tr><td>१४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत</td><td>१,००,०००.००</td><td>४९,२०,३९५.००</td><td>२,१५,३४,९०६.००</td></tr>
<tr><td>१४५२१ प्रदुषण नियन्त्रण शुल्क</td><td>५४,००,०००.००</td><td>४०,७०,३०२.००</td><td>५१,१८,२३६.००</td></tr>
<tr><td>जम्मा गैर कर राजस्व</td><td>१७,८७,९०,०००.००</td><td>१२,८५,३८,८२६.९२</td><td>१३,९०,२८,९४३.६७</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा आन्तरिक राजस्व \| ३०,२६,०६,०००.०० \| २६,४०,०६,९९२.६१ \| २६,९३,५४,०६१.८१ | |
| ५२ | 16 प्रदेश शशर्त | २०७९-३-१७ | **मौरी विकास कार्यक्रमः**<br><br>५० प्रतिशत लागत साझेदारीमा मौरी विकास कार्यक्रम(लेवलिङ,व्राण्डिङ तथा वजारिकरण) मा यस वर्ष युनिक मौरीपालन उद्योग लाई ५० प्रतिशत साझेदारीमा पालिकाबाट शशर्त अनुदान रु १३,५५,१३८। भुक्तानी गरेको देखिन्छ। जसमा माह प्रशोधन घर निर्माण र मौरी सहितको घार खरिद भएको विवरण उल्लेख छ। जसको सम्झौतामा लागत सहभागिता सम्बन्धी व्यहोरा उल्लेख भएको देखिएन साथै लागत सहभागिता भएको कुनै प्रमाण समेत पेश भएको देखिएन। मौरीको घार रु १९,६५,०००। रकमको सोझै खरिद भएको देखिन्छ। सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली २०६४ मा भएको व्यवस्था विपरित सोझै खरिद लाई नियन्त्रण गर्नु पर्दछ। नियमित गर्नु पर्ने रु | १,३५५,१३८ |
| ५३ | ६६ | २०७९-३-१ | **तरकारी बालीको साना व्यासायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रमः**<br><br>यस परियोजना सञ्चालन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल,२०७७ को व्यवस्था छ। ५० प्रतिशत लागत सहभागितामा पालिकाबाट ५० प्रतिशत अनुदान दिने सम्झौता गरि अदुवाको विउ खरीद गरी देउराली कृषक समुह लाई १६५० के.जि. र पशुपति सामुदायिक वन उपभोक्ता समितिलाई ३००० के.जि. वितरण गरेको भर्पाई पेश गरेको देखिन्छ भने कुल लागत रु. २५११००। मा सम्झौता बमोजिम कम्तीमा ५० प्रतिशत लागत सहभागिता रु. १२५५५०।०० हुनु पर्ने मा समुहले रु.११६२५०।०० मात्र नगद सहभागिता गरेको देखिदा रु. ९३०० सम्झौता विपरित कम लागत सहभागिता भएको अशुल गर्नु पर्ने रु. | ९,३०० |
| ५४ | ८८ | २०७९-३-१५ | **लिफ्ट सिचाई कार्यकालागि बढि भुक्तानी**<br><br>परियोजना कार्यान्वयन म्यानुअल,२०७७ बमोजिम लिफ्ट सिचाई कार्यकालागि ८५ प्रतिशत सम्म अनुदान दिने व्यवस्था अनुरुप देउराली कृषक समुह,मनहरि-२ सँग कुल रु ६०००००। लागतमा कृषक समुहबाट १५ प्रतिशत र यस परियोजनाबाट ८५ प्रतिशत अनुदान रकम खर्च गर्ने सम्झौता भएकोमा गाउँपालिकाबाट भुक्तानी रु ५१४६२१। गरिएको छ। यसमा बढी रकम अशुल गर्नु पर्ने रु. | ४,६२१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td>७३</td><td>२०७९-३-७</td><td>बाखा पकेट कार्यक्रम<br><br>बाखा पकेट कार्यक्रम अन्तर्गत अघिल्लो आवको भुक्तानी गर्नु पर्ने रकम कच्चाबारी प्रमाणित गरि राखिएको देखिएन। गत आबमा ५० प्रतिशत अनुदानमा पारिजात पशुपालन फर्मसँग सम्झौता भई वडा नं २ बाट समेत माधव भुलुनलाई सिफारिस भएको कागज प्रमाण पेश भएता पनि लामा एकिकृत कृषि तथा पशुपन्छी फर्मका सूर्य बहादुर भुलुनलाई रु ५०००० भुक्तानि भएको देखिन्छ। तसर्थ गत आ ब को कच्चाबारी प्रमाणित नगरी भुक्तानी भएको संघिय सशर्त रकम फिर्ता गर्नुपर्नेमा सो नगरेकोले उक्त भुक्तानी नियमित गर्नु पर्ने रु</td><td>५०,०००</td></tr>
<tr><td>५६</td><td>७५</td><td>२०७९-३-७</td><td>पकेट सञ्चालन समिति गठन नभएको<br><br>व्यवसायिक कृषि फर्म मनहरी वडा नं ७ लाई ५० प्रतिशत अनुदानमा रु ६००८५५। भुक्तानी दिएको देखिन्छ। यसमा पकेट सञ्चालन समिति गठन भएको देखिएन। परियोजनाको म्यानुअल बमोजिमका व्यावस्था गाउँकार्यपालिका तथा सम्बन्धित पदाधिकारी तथा कर्मचारीबाट पालना हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ।<br><br>यस आ ब मा यस प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि पारिश्रमिक अनुदान बापत प्राप्त रकम निम्न छन्:<br><br><table><tr><th>सि नं</th><th>अनुदान</th><th>रकम</th><th>खर्च रकम</th></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>आई डि ए सोधभर्ना हुने ऋणबाट</td><td>३८४१०००।</td><td>१४८८५०९।</td></tr>
<tr><td>२</td><td>नेपाल सरकारबाट</td><td>३०८२०००।</td><td>३५११२६७।</td></tr>
<tr><td></td><td>जम्मा निकासा</td><td>६९२३०००।</td><td>४९९९७७६।</td></tr>
</table>
यस परियोजना अन्तर्गत जम्मा सूचिकृत पुरुष १२३ र महिला २३२ गरि कुल ३५५ जना मध्ये ५२ जना पुरुष र १३६ जना महिला गरि जम्मा १८८ जनाले रोजगारी पाएको देखिन्छ। यस अन्तर्गत गाउँपालिका अन्तर्गतका वडाहरुमा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।
<table>
<tr><th>सि नं</th><th>कार्यक्रम</th><th>योजना संख्या</th><th>खर्च रकम रु</th></tr>
<tr><td>१</td><td>गोरेटो निर्माण तथा मर्मत</td><td>३</td><td>१७३९२२०।</td></tr>
<tr><td>२</td><td>नाला निर्माण</td><td>२</td><td>८९६८९८।</td></tr>
<tr><td>३</td><td>सिचाई कुलो मर्मत</td><td>१</td><td>१८०००५।</td></tr>
<tr><td>४</td><td>वृक्षारोपण तथा गोडमेल</td><td>४</td><td>१२१३८८५।</td></tr>
<tr><td>५</td><td>खानेपानि तथा पाइपलाईन खन्ने पुर्ने</td><td>२</td><td>९६९७६८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२</td><td>४९९९७७६।</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | यस कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट र आइ डि ए बाट रकम प्राप्त र खर्च भएको छ। जसमा नेपाल सरकारबाट निकासा भएको रकम भन्दा रु ४२९२६७। बढी रकम खर्च भएको देखिन्छ। सम्बन्धितट सोधभर्ना गर्नुपर्ने देखिन्छ। | |
| ५८ | | | **वैदेशिक रोजगारीकालागि सुरक्षित आप्रवासन परियोजना (SaMi):**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली,२०६४ अनुसार परापर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। यस गाउँपालिकाले एकिकृत ग्रामिण विकास सेवा, मकवानपुर लाई यस आ व मा सामी परियोजना अन्तर्गत रु २०,४९,८२४। भुक्तानी गरेको देखिन्छ। यस सम्बन्धमा उक्त संस्थासँग परियोजना कार्यान्वयनका लागि भएको सम्झौता पेश भएको देखिएन। प्रमाण पेश गरि नियमित गर्नु पर्ने रु | |
| ५९ | ७७, ८९, ९० | २०७९ -३-८ | **गरिवी निवारणकालागि लघु उद्यम विकास कार्यक्रमः**<br><br>गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार उद्यमी सिर्जना तथा उन्नतिका लागि बजेट तर्जुमा दायरा तालिका नं १ मा उल्लेख गरेको छ। यस गाउँपालिकाले यस आर्थिक वर्ष २०७८।७९ मा सो तालिका अनुसार वजेट तथा कार्यक्रम तयार पारेको तथा खर्च भएको देखिएन। यस वर्ष भएको खर्च रकम मध्ये भएका कार्यक्रमहरु नम्न देखिएः<br><br>सि नं — कार्यक्रम — रकम<br>१ — नया लघु उद्यमी सिर्जना तर्फ — १२७७६७०।<br>२ — लघु उद्यमिहरुको स्तरोन्नति तर्फ — ५३४१७६। | ७११,९७२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरिबी निवारणका लागि लघु उद्यम बाकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को (४१) को ३ मा प्रविधि हस्तन्तरण सम्बन्धी प्रकृया सम्बन्धी व्यवस्था छ। कार्यलयले गो भौ नं ७७ मिति २०७९।०३।८ मा रु ६१४७२ को सिलाई मेसिन खरिद गरेको देखिन्छ। त्यस्तै गो भौ नं ९० मिति २०७९।०३।१६ मा रु ३६२५००। र गो भौ नं ८९ मिति २०७९।०३।१६ मा २८८०००। रकमको प्रविधि हस्तान्तरणका लागि मल्चिङ प्लास्टिक तथा तरकारी विउ र टनेल सो खरिद भएकोमा लागत सहभागिता भएको नदेखिदा नियमित देखिएन। रु ७११९७२। | |
| ६० | | | **गरिवी निवारणकालागि लघु उद्यम विकास कार्यक्रममा सोधभर्ना**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरि खरिद गर्नु पर्ने व्यवस्था छ। सो ऐन को नियमावली, २०६४ को नियम १२३(८) मा पच्चिस हजार भन्दा बढी रकम भुक्तानी गर्नु पर्दा आपूर्तिकेर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई एकाउण्ट पेयी चेकको माध्यमबाट भुक्तानी गर्नु पर्ने व्यवस्था छ। यस परियोजना अन्तर्गत पालिकाले विभिन्न मितिमा मेड्पा सहजकर्ता गोपिराम बल मार्फत रु.१०,९१,८१४। भएको देखियो। पालिकाले कर्मचारीबाट सोधभर्ना लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |
| ६१ | ९६ | २०७९-३-१६ | **कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता**<br><br>यस कार्यक्रम सञ्चालन तथा परिचालन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को व्यवस्था छ। गाउँपालिकाले नमुना तरकारी पकेट संचालक समिति, मनहरिसँग ५० प्रतिशत अनुदान दिने गरि रु १०१०५१२। रकम सम्झौता भई भुक्तानी गर्दा ५० प्रतिशत रु ५०५२५६। भन्दा बढी रु ५,७८,०००। भुक्तानी गरिएको देखियो। बढी रकम अशुल गर्नु पर्ने रु. ७२७४४। र यसै भुक्तानीमा तरकारी पकेट सञ्चालन समितिले नमुना कृषि सहकारी संस्था बाट १,९९,९५०। बरारको रसायनिक मल युरिया डिएपी खरिद गरेको विल पेश गरि भुक्तानी लिएको देखियो। रसायनिक मल सरकारबाट सहकारीले अनुदानमै प्राप्त हुने भएको र अनुदानमा प्राप्त भएको मल पुनः अनुदानमा खरिद गर्न नपाउने भएको हुदा ५० प्रतिशत अनुदानको रकम रु ९९,९७५. अशुल गर्नु पर्ने देखिन्छ। अशुल गर्नुप्रने रु | १७२,७१९ |

६२

संपरीक्षण तथा अनुगमनः

| आ.व | दफा | वेरुजूको व्यहोरा | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|
| २०७५।७६ | ६९ख | महिला सहकारी अवलोकन भ्रमण र पर्यटकीय क्षेत्रको अनुभव आदान प्रदान अवलोकन भ्रमणको गाडि भाडाको कर | गाँउसभामा नियमित गर्नको लागि गाउँसभामा सिफारिस गर्नेभन्ने मिति २०७९-०३-२२ को लेखा समितिकोसिफारिस निर्णयको आधारमा | ७५०० |
| २०७५।७६ | ७२ | नेपाल ह्युमपाईप मेनुफैक्चर्स प्रा.लिखर्च लेखेको जडान कार्यको नापी किताब पेश गर्नुपर्ने | लेखा समितिकोसिफारिस निर्णयको आधारमा | २९३६५८ |
| २०७५।७६ | ७३ | कार्यक्रमको लागी अनुदान वितरणको आधार अनुदान स्वीकृत भएको निर्णय र बितरणको भरपाई बेगर पशु सेवा शाखा प्रमुखले रकम बुझेको देखिएकोले उक्त रकम सम्बन्धमा लाभग्राहिले पाए नपाएको छानबिन गरी यथार्त एकिन हुनुपर्ने । | लेखा समितिकोसिफारिस निर्णयको आधार | २६०००० |
| २०७५।७६ | ७४ | गो.भौ.न. ३६२ बाट गुडविल फेशनको बिल संलग्न गरी छाता१५ थान र रेनकोट २० थानको व्यक्तिगत प्रयोजनका सामाग्री खरिद गरी खर्च लेखेको । | प्रमाण पेश गरेको | ८७५७५ |
| २०७५।७६ | ८० ग | नियुक्ति र सम्झौता बेगर कर संकलकलाई गरेको मासिक सुविधा । | लेखा समितिकोसिफारिस निर्णयको आधार | १८२४००० |
| २०७५।७६ | ८५ | गो.भौ.नं. ८४ बाट सिता मा.वि मनहरी २ लाई विज्ञान प्रयोगशालाको लागी आवश्यक | प्रमाण पेश गरेको | ६५०००० |

| | | | | |
|---|---|---|---|---|
| | | पर्ने रकम खरिद र फर्निचर बापत गरी भुक्तानी सामानको सम्बन्धित विधालयमा आम्दानी बाधेको नपाएको । | | |
| २०७५।७६ | ८६ | वायोमेट्रिक हाजिर १४ थान विभिन्न विधालयले ह.फा. वेगर लगेको पाईयो सम्बन्धित विधालयमा सो मेशिन जडान गरेको प्रमाण पेश गर्नु पर्ने । | प्रमाण पेश गरेको | २६३०६९ |
| ०७६/०७७ | १७ | नन्फाईलर सि.बि.कन्ट्रक्सन बनेपा, | विवरण पेश भई फाईलर भएको | १७६७२८५० |
| २०७६।७७ | ३५।१ | एउटै प्याकेज बनाइ बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सोझै, शिल्डबन्दी दरभाउपत्र र बोलपत्र गरी चार पटकसम्म खरिद गरेको देखियो | लेखा समितिकोसिफारिस निर्णयको आधार | ६६५०६५ |
| २०७६।७७ | ३५।२ | सामाग्री सम्वन्धित योजनामा प्रयोग गरेको नापी किताव ठेक्का बिल लगायतको प्राविधिक पुष्ट्याइ पेश हुन नआएकोले पेश हुनुपर्ने रु | र नापि किताव तथा ठेक्का विल समावेश भएकोले | ५१०९८७९ |
| २०७६।७७ | ३६ | कागजातहरु लेखापरीक्षणमा पेश हुन नआएकोले परीक्षण हुन सकेन । तसर्थ निम्नानुसारका प्रमाण कागजातहरु पेश हुनुपर्ने रु | सम्झौता र म्यादथप लगायतका सम्पुर्ण श्रेष्ता कागजात सम्बन्धीत शाखाबाट पेश हुन आएकोले | ९५०११९९ |
| २०७६।७७ | ८९ | अतिरिक्त भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | कर्मचारी प्रोत्साहन मापदणड २०७५ कार्यपालिकाबाट पारित गराई कानुन बमोजिम वितरण भएको | ५११८४८१ |
| २०७६।७७ | १०० | ५४ वटा सुत्केरी पोषक प्याकेटको वितरणको भरपाई पेश नभएकाले पेश हुनुपर्ने रु. | प्रमाण पेश गरेको | ५३६२२ |

| | | | | |
|---|---|---|---|---|
| | | जम्मा | | ४१५०६८९८ |